**मिति २०८३ साल आषाढ ४ गते बसेको नगरकार्यपालिकाको ६५ औं बैठकको प्रस्ताव तथा निर्णयहरु:-**

**प्रस्तावहरु:-**

१) प्रशासनिक तथा शाखागत बजेट माथि छलफल सम्बन्धमा ।

२) लेखा समितिबाट पेश भएको लेखा परिक्षण प्रतिवेदन माथि छलफल सम्बन्धमा ।

३) राजश्वका दरहरु निर्धारण सम्बन्धमा ।

४) आन्तरिक आयको न्यूनतम ठेक्का अंक कायम गर्ने सम्बन्धमा ।

५) धुनिवेशी नगरपालिकाको सहकारी नियमावलीको मस्यौदा माथि छलफल सम्बन्धमा ।

६) विविध

(क) धुनिवेशी नगरपालिकाको प्रतिक चिन्ह लोगो निर्माण समितिको सिफारिस सम्बन्धमा ।

(ख) तहवृद्धि गरी पाउँ भनी सौरभ कुमार कार्कीले पेश गरेको निवेदनका सम्बन्धमा ।

(ग) भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१३४ मिति २०८३।०३।०२ को पत्रका सम्बन्धमा ।

**निर्णय नं.१**

चालु आ.व.को प्रशासनिक तथा शाखागत योजना तथा कार्यक्रम (बजेट) माथि समिक्षा एवं छलफल गरियो । आ.व.२०८३।०८४ का लागि शाखागत रुपमा पेश भएका योजना कार्यक्रम तथा बजेट परिमार्जन सहित नगर सभाको १९ औं अधिवेशनमा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

महालेखापरिक्षकको कार्यालयले नगरपालिकाको लेखापरिक्षण गरी औल्याएको सबै किसिमको बेरुजुहरु तयार गरी लेखा समितिबाट पेश भएको प्रतिवेदन माथि बुँदागत रुपमा छलफल सम्पन्न भयो । उक्त बेरुजुहरु नियमितताका लागि नगरसभाको १९ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

राजश्व परामर्श समितिको बैठकबाट सिफारिस सहित पेश भएको राजश्वका शिर्षकगत दरहरुका सम्बन्धमा बुँदागत रुपमा छलफल गरी आर्थिक विधेयक-२०८३को मस्यौदा निर्माणका लागि विधायन समितिमा पेश गर्न स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं.४**

राजश्व परामर्श समितिको बैठकबाट सिफारिस सहित पेश भएको आ.व.२०८३।०८४ का लागि आन्तरिक आय तर्फ ढुङ्गा, गिट्टी, बालुवा, वेस, ग्राभेल, माटो र ईटाको विक्रि शुल्क संकलन कार्यका लागि न्यूनतम बोलकबोल अंक रु.२,२०,४०,३६६।- (मु.अ.कर बाहेक) कायम गरी ठेक्का आव्हान गर्ने र उक्त समितिबाट सिफारिसमा उल्लेख गरिएका क्षेत्र भन्दा बाहेकका महेशखोला-१ र महेशखोला-

२, सुङ्गुरेखोला र चालु नभएका जयसिद्धि गणेश रोडा ढुङ्गा उद्योग र देउराली उर्वरा कृषि चुन तथा शक्ति ग्रिड उद्योग प्रा.लि.को हकमा पुन: कार्यपालिकाको निर्णय बमोजिम गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

विधायन समितिको बैठकबाट सिफारिस सहित पेश भएको सहकारी नियमावली-२०८३को मस्यौदा माथि दफावार रुपमा छलफल गर्ने कार्य सम्पन्न नभएको हुँदा पुन: अर्को कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ (विविध-क)**

प्रतिक चिन्ह (लोगो) निर्माण समितिको बैठकबाट सिफारिस सहित पेश भएको २ वटा लोगो मध्ये धुनिवेशी नगरपालिका वडा नं. ९ बस्ने अन्जन चापागाईले डिजाइन गरी पेश गरेको प्रतिक चिन्ह लोगो स्वीकृत गर्ने र नगरसभाको १९ औं अधिवेशनमा जनप्रतिनिधिहरुले लगाउने गरी उक्त लोगोको ३२ एम.एम. साईजको (पिन) ५० थान निर्माण गर्न लगाई सम्बन्धित फर्मलाई भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ (विविध-ख)**

स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्वन्धी कार्यविधि-२०८२ दफा ६ बमोजिम तह वृद्धि गरी पाउँ भनि सुचना प्रविधि अधिकृत श्री सौरभ कुमार कार्कीले निवेदन पेश गर्नुभएकोमा प्रदेश तथा स्थानीय शासन सबलिकरण कार्यक्रम (plgsp) मार्फत सुरु तलब स्केल, चाडपर्व खर्च एवं पोशाक भत्ताको ७५ प्रतिशत व्यहोर्ने र बाँकी २५ प्रतिशत रकम लागत साझेदारीमा नगरपालिकाको तर्फबाट व्यहोर्ने गरी माग निवेदन बमोजिम सुचना प्रविधि अधिकृत श्री सौरभ कुमार कार्कीलाई २०८३ श्रावण १ गते देखी लागू हुने गरी तह वृद्धि गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ (विविध-ग)**

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१३४ मिति २०८३।०३।०२ को पत्र मार्फत स्थानीय तहको नेपाली र अङ्ग्रेजी नाम तथा हिज्जेको एकरुपताका लागि यस नगरपालिकाको अंग्रेजी नाम (Dhunibeshi) ठिक रहेको तर नेपाली नाम (धुनीवेंशी) मा फरक रहेको हुँदा धुनिवेशी नगरपालिकाको नेपाली नाम (धुनिवेशी) हुने गरी नेपाली नामको हिज्जे सुधार गर्न भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।